त्रिभुवनविश्वविद्यालय

# कृषि र पशु विज्ञानअध्ययन संस्थान

डीनको कार्यालय

कीर्तिपुर, काठमाण्डौं ।

प.सं./च.नं. १५३/०७८/०७९

मिति : २०७८/०५/२३

विषय : जानकारी सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान निर्देशनालयको प.सं.च.नं. १६९/०७८/०७९ मिति २०७८/०५/१८ को प्राप्त पत्रानुसार त्रिभुवन विश्वविद्यालयको आर्थिक अनुदानमा अनुसन्धान निर्देशनालयबाट आ.व. २०७८/०७९ को नियमित अनुसन्धान परियोजना अनुसार प्रति अनुसन्धान रु. ५०,०००।- (अक्षरुपी पचास हजार मात्र) अनुसन्धान खर्चमा स्वीकृत जम्मा १०० वटा लघु अनुसन्धान कार्यक्रम सञ्चालन गरिने व्यहोरा जानकारी गराइन्छ । यसै सन्दर्भमा यस अध्ययन संस्थानमा कार्यरत अनुसन्धान गर्न इच्छुक करार, अस्थायी र स्थायी शिक्षक तथा कर्मचारीहरुबाट आफ्नो विशिष्ट रुचिगत विषय क्षेत्र र त्रि.वि. को शिक्षण अनुसन्धान कार्यमा सहयोग पु्याउन सक्ने किसिमका लघु अनुसन्धान कार्यका लागि संलग्न निर्देशिका एवं मापदण्ड (Website:www.tu.edu.np) अनुसार तीन प्रति अनुसन्धान प्रस्ताव शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान निर्देशनालय, कीर्तिपुरमा मिति २०७८ साल कार्तिक १० गते दिउँसो ४ बजे भित्र दर्ता गर्नु गराउनु हुन सम्बन्धित सबैमा यसै जानकारी गराइन्छ ।

**पुनश्च:** आर्थिक बर्ष २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ मा यस प्रकारको लघु अनुसन्धान कार्य शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान निर्देशनालयबाट गर्ने अवसर पाएका व्यक्तिहरुको लागि यो सुविधा दिइने छैन । साथै यस आर्थिक बर्षमा विश्वविद्यालय अनुदान आयोग, डीनको कार्यालय वा अन्य निकायबाट सञ्चालित अनुसन्धान परियोजनामा संलग्न भएको वा अध्ययन विदा, स्वाध्यायन विदा र बेतलवी विदा उपभोग गरी रहेको व्यक्तिहरुको अनुसन्धान प्रस्ताव मान्य नहुने व्यहोरा समेत जानकारी गराइन्छ । निकाय प्रमुख भन्दा अन्य व्यक्तिले प्रमाणित गरेको, संलग्न निर्देशिका अनुसार नभएको र तोकिएको समय भन्दा ढिलो गरी शिक्षाध्यक्षको कार्यालय, अनुसन्धान निर्देशनालमा आएको प्रस्ताव छनौटका लागि समावेश नगराइने व्यहोरा समेत जानकारी गइन्छ ।

..........................

**प्रा. भार्गव घिताल**

डीन